सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## विषय:- राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार सम्वन्धी सूचना ।

प्रकाशित मिति:२०७९/०१/१३ गते

उपर्युक्त विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको **राष्ट्रपति महिला सशक्तिकरण परियोजना** अन्तर्गत उद्यमशिलताको माध्यमबाट आर्थिक सशक्तिकरणमा योगदान पुर्याएका उद्यमी महिलालाई राज्यले प्रोत्साहन स्वरुप कदर गर्ने उद्देश्यले लुम्बिनी प्रदेशबाट एक जना उत्कृष्ट महिला छनौट गरी सिफारिस गर्नुपर्ने भएकोले सूचना प्रवाह गरि समन्वय गरिदिनुहुन भनी प्रदेश सरकार लुम्बिनी प्रदेश कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०७९।०१।१३ च.नं. ३४६ को प्राप्त पत्रानुसार तपशिल बमोजिमका योग्यता पुगेका उद्यमी महिलाहरुले आवश्यक कागजातहरु सहित मिति २०७९।०१।२१ गते भित्र प्रदेश सरकार लुम्बिनी प्रदेश कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा आवेदन दिनुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ । मन्त्रालयको सूचना यसैसाथ संलग्न राखिएको छ ।

तपशिल:-

पुरस्कार प्राप्त गर्ने योग्यता

- नेपाली नागरिक
- फौजदारी अभियोगमा कसुरदार नठहरिएका
- आफ्नै नामबाट स्थानीय स्तरमा उद्यम दर्ता गरी व्यवसाय सञ्चालन गरेका उद्यमी महिला
- विगत ३ वर्ष देखि निरन्तर रुपमा व्यवसाय सञ्चालन गरेको उद्यमी महिला
- स्थानीय स्तरमा भएका स्रोत र साधनको प्रयोग गरी स्थानीय जनशक्तिहरुलाई रोजगारी दिएका महिला
- यथेष्ट मात्रामा लगानी गर्ने स्रोत भएको
- नियमित रुपमा सरकारलाई तिर्नु पर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको
- आफ्नो उद्यममा श्रम सम्वन्धी प्रचलित कानूनको पालना गरेका र लैङ्गिक मैत्री वातावरण कायम गराएको ।

आवश्यक कागजातहरु:

१. उद्योग व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र
३. कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र
४. आवश्यकता अनुसार व्यवसायिक इजाजत-पत्र
५. व्यवसायिक योजना
६. माग गरेको प्रविधि र सो प्रविधिको क्षमता

..............................
(दिनेश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९।१।९

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशबाट एक/एक जना महिला उद्यमीलाई राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा पुरस्कार प्रदान गर्ने कार्यक्रम रहेको छ। यस वर्ष प्रदान गरिने पुरस्कारका लागि राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०७८ को दफा ५ बमोजिमका इच्छुक योग्य महिला उद्यमीले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयमा अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूचीमा उल्लेख गरिएका कागजात सहित आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयहरूले अनुसूची-२ बमोजिम उच्च अङ्क प्राप्त गर्ने एक/एक महिला उद्यमी छनोट गरी आवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०७८ मन्त्रालयको वेबसाइट : www.mowcsc.gov.np मा हेर्न सकिनेछ।